# स्थानीय राजपत्र

## दिप्रुङ चुइचुम्मा गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ९, दिप्रुङ चुइचुम्मा गाउँपालिका, याङसोलाटार खोटाङ भाद्र २२ गते, २०८३ साल, (संख्या-३)


# भाग-२

### दिप्रुङ चुइचुम्मा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### याङसोलाटार, खोटाङको सूचना

## अति विपन्न नागरिक सामाजिक सुरक्षा (जीवन निर्वाह भत्ता) वितरण कार्यविधि, २०८३

**प्रस्तावनाः**

नेपालको संविधानले प्रत्याभूत गरेको सामाजिक सुरक्षा र गरिबी निवारण सम्बन्धी मौलिक हकलाई स्थानीय स्तरमा व्यवस्थित, निष्पक्ष, पारदर्शी र प्रभावकारी रूपमा कार्यान्वयन गर्न दिप्रुङ चुइचुम्मा गाउँपालिका क्षेत्रभित्र स्थायी रूपमा बसोबास गर्ने अति विपन्न, आयस्रोत र रोजगारी नभएका, साह्रै न्यून जीवनस्तर भएका तथा राज्य वा अन्य कुनै निकायबाट नियमित सामाजिक सुरक्षा, निवृत्तिभरण वा पारिश्रमिक नपाएका परिवारलाई जीवन निर्वाह भत्ता उपलब्ध गराई न्यूनतम सामाजिक संरक्षण प्रदान गर्न दिप्रुङ चुइचुम्मा गाउँपालिकाको "अति विपन्न नागरिक सामाजिक सुरक्षा (जीवन निर्वाह भत्ता) ऐन, २०८३" को दफा १५ तथा "सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२" को भावना अनुकूल गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद १ः प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "दिप्रुङ चुइचुम्मा गाउँपालिका अति विपन्न नागरिक सामाजिक सुरक्षा (जीवन निर्वाह भत्ता) वितरण कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि दिप्रुङ चुइचुम्मा गाउँ कार्यपालिकाबाट स्वीकृत भएपश्चात् (२०८३ साल साउन १ गते) देखि प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले दिप्रुङ चुइचुम्मा गाउँपालिका अति विपन्न नागरिक सामाजिक सुरक्षा (जीवन निर्वाह भत्ता) ऐन, २०८३ लाई सम्झनु पर्छ।

(ख) "गाउँपालिका" भन्नाले दिप्रुङ चुइचुम्मा गाउँपालिका सम्झनु पर्छ।

(ग) "कार्यपालिका" भन्नाले दिप्रुङ चुइचुम्मा गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

(घ) "वडा समिति/कार्यालय" भन्नाले दिप्रुङ चुइचुम्मा गाउँपालिका अन्तर्गतका वडा समिति तथा वडा कार्यालयहरूलाई सम्झनु पर्छ।

(ङ) **"अति विपन्न घरधुरी/परिवार"** भन्नाले एकाघरमा सँगै बसी एउटै भान्छामा खाना खाने, अंशबन्डा नभएको, आफ्नै वा परिवारको स्वामित्वको जग्गाजमिन वा व्यवसायबाट वर्षभरि तीन महिना पनि खान नपुग्ने, **वार्षिक कुल आम्दानी प्रतिव्यक्ति रु. ३६,०००/- (छत्तीस हजार रुपैयाँ) वा सोभन्दा कम रहेको** र आयको अन्य कुनै भरपर्दो स्रोत नभई चरम आर्थिक संकटमा परेको परिवारलाई सम्झनु पर्छ।

(च) "जीवन निर्वाह भत्ता" (भत्ता) भन्नाले ऐन र यस कार्यविधि बमोजिम तोकिएका अति विपन्न घरधुरीलाई उपलब्ध गराइने प्रतिघर मासिक रु. ३,०००/- (तीन हजार रुपैयाँ) को आर्थिक सहयोग रकमलाई सम्झनु पर्छ।

(छ) "छानबिन समिति" भन्नाले ऐनको दफा १० बमोजिम गठित अति विपन्न नागरिक पहिचान तथा सिफारिस समितिलाई सम्झनु पर्छ।

(ज) "सेवा प्रदायक बैंक" भन्नाले कार्यविधिको परिच्छेद-४ बमोजिम भत्ता वितरणका लागि गाउँपालिकासँग द्विपक्षीय सम्झौता गरेको नेपाल राष्ट्र बैंकबाट "क", "ख" वा "ग" वर्गको इजाजतपत्र प्राप्त बैंक वा वित्तीय संस्थालाई सम्झनु पर्छ।

## परिच्छेद २ः योग्यता, अयोग्यता र लाभग्राहीको पहिचान

**३. भत्ता पाउनका लागि आवश्यक योग्यताहरूः**

यस कार्यविधि बमोजिम जीवन निर्वाह भत्ता प्राप्त गर्न देहायका योग्यताहरू पूरा भएको हुनुपर्नेछः

(क) दिप्रुङ चुइचुम्मा गाउँपालिकाको स्थायी बासिन्दा भई सम्बन्धित वडामा स्थायी रूपमा बसोबास गरिरहेको हुनुपर्ने।

(ख) परिवारको आफ्नै स्वामित्वको जग्गाजमिन, उद्योग वा व्यवसायबाट वर्षभरि खान नपुग्ने र आयको अन्य कुनै भरपर्दो विकल्प नभई चरम आर्थिक संकटमा परेको अति विपन्न घरधुरी हुनुपर्ने।

(ग) **परिवारको सबै स्रोत (कृषि, पशुपालन, ज्याला-मजदुरी, पेशा वा अन्य) बाट हुने कुल वार्षिक आम्दानी प्रतिव्यक्ति रु. ३६,०००/- (छत्तीस हजार रुपैयाँ) वा सोभन्दा कम रहेको हुनुपर्ने।**

(घ) ऐनको दफा ५, ६, ७ र ८ को सर्त पालना गरी तोकिएको ढाँचामा पूर्ण विवरण र स्वघोषणा पत्र पेश गरेको हुनुपर्ने।

**४. अयोग्यता तथा पूर्ण बन्देज सम्बन्धी व्यवस्थाः**

ऐनको दफा ६ र ७ बमोजिम देहायका अवस्था भएका परिवार वा घरधुरी यो जीवन निर्वाह भत्ता पाउन पूर्ण रूपमा अयोग्य ठहरिनेछन्ः

(क) परिवारको कुनै पनि सदस्य नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, सरकारी वा संगठित संस्था, विद्यालय, वा निजी कम्पनीमा स्थायी, अस्थायी, करार वा ज्यालादारी सेवामा नियमित रोजगारीमा रहेको भएमा।

(ख) परिवारको कुनै पनि सदस्यले निजामती, जङ्गी (सेना/प्रहरी), शिक्षक वा अन्य कुनै पनि निकायबाट नियमित निवृत्तिभरण (पेन्सन) वा अवकाश सुविधा प्राप्त गरिरहेको भएमा।

(ग) परिवारको कुनै पनि सदस्य वैदेशिक रोजगारी वा अध्ययनका लागि विदेशमा रहेको भएमा।

(घ) परिवारको कुनै पनि सदस्य प्रचलित कानुनबमोजिम निर्वाचित वा मनोनित भई गाउँपालिका, प्रदेश वा सङ्घीय तहमा जनप्रतिनिधिको पदमा बहाल रहेको भएमा वा पदमुक्त भएको १ वर्ष पूरा नभएको भएमा।

(ङ) परिवारको कुनै पनि सदस्यले गाउँपालिका वा अन्य संस्थाबाट नियमित आर्थिक लाभ वा मासिक सहायता प्राप्त गरिरहेको भएमा।

**५. सङ्घीय/प्रदेश सामाजिक सुरक्षा भत्ता पाइरहेका घरधुरी सम्बन्धी विशेष व्यवस्थाः**

(१) सङ्घीय वा प्रदेश सरकारको प्रचलित कानुनबमोजिम सामाजिक सुरक्षा भत्ता (जस्तैः ज्येष्ठ नागरिक भत्ता, एकल महिला भत्ता, अपाङ्गता भत्ता, दलित भत्ता आदि) प्राप्त गरिरहेका व्यक्ति स्वयम्को नाममा यो जीवन निर्वाह भत्ता दिइने छैन।

(२) तर, ऐनको दफा ८ को उपदफा (२) बमोजिम, यदि कुनै घरधुरी अति विपन्न श्रेणीमा पर्छ र सो घरको एक जना सदस्यले मात्र सङ्घीय सामाजिक सुरक्षा भत्ता पाइरहेको भए तापनि, सोही घरको सामाजिक सुरक्षा भत्ता नपाएको अर्को १८ वर्ष उमेर पूरा भएको योग्य सदस्यको नाममा प्रतिघर मासिक रु. ३,०००/- का दरले यो जीवन निर्वाह भत्ता उपलब्ध गराइनेछ।

(३) उपदफा (२) बमोजिम भत्ता दिँदा दफा ४ मा उल्लेखित जागिर, पेन्सन, वैदेशिक रोजगारी र जनप्रतिनिधि नभएको सर्त अनिवार्य रूपमा पूरा हुनुपर्नेछ।

## परिच्छेद ३: आवेदन, छानबिन, सिफारिस र लाभग्राही छनोट प्रक्रिया

**६. आवेदन माग र म्याद सम्बन्धी व्यवस्थाः**

(१) गाउँपालिकाले प्रत्येक आर्थिक वर्षको साउन १ गतेभित्र १५ दिनको म्याद दिई अति विपन्न नागरिक जीवन निर्वाह भत्ताका लागि आवेदन माग गर्दै सार्वजनिक सूचना जारी गर्नेछ।

(२) तोकिएको म्यादभित्र इच्छुक अति विपन्न नागरिकले अनुसूची-१ (निवेदन), अनुसूची-२ (स्वघोषणा पत्र) र अनुसूची-३ (पारिवारिक तथा आय विवरण फाराम) भरी देहायका कागजात संलग्न गरी सम्बन्धित वडा कार्यालय मार्फत गाउँपालिकामा आवेदन पेश गर्नुपर्नेछः

- मुख्य निवेदक तथा एकाघरका सदस्यहरूको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि (नाबालकको हकमा जन्म दर्ता)।
- एकाघर परिवारको नाममा रहेको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि (भएसम्म)।
- बसाइँसराई गरी आएको हकमा आधिकारिक बसाइँसराई प्रमाणपत्रको प्रतिलिपि।
- तोकिएको ढाँचाको भरिएको स्वघोषणा पत्र र आवेदन फाराम।
- विपन्नता खुल्ने र परिवारमा कोही पनि जागिर, पेन्सन, वैदेशिक रोजगारी वा जनप्रतिनिधि नरहेको वडा समितिको सिफारिस।

**७. वडा कार्यालयको छानबिन र सिफारिस प्रक्रियाः**

(१) प्राप्त निवेदनहरू उपर आवश्यक कागजात रुजु गरी, वडाध्यक्ष तथा वडा सदस्यहरूको टोलीले जाँचबुझ गरी अनुसूची-४ बमोजिमको सिफारिस पत्र तयार गर्नेछ।

(२) वडा समितिले सिफारिस गरेका र रित पुगेका निवेदनहरू सूचिसहित छानबिन समितिमा पठाउनु पर्नेछ।

**८. छानबिन तथा सिफारिस समितिको कार्यविधिः**

(१) ऐनको दफा १० बमोजिम गठित देहायको समितिले वडाबाट प्राप्त सिफारिस र फारामहरूको गहन छानबिन गर्नेछः

| क्र.सं. | पद/पदाधिकारी | हैसियत |
|---|---|---|
| १ | गाउँपालिका अध्यक्ष | संयोजक |
| २ | सम्बन्धित वडाको वडाध्यक्ष | सदस्य |
| ३ | सामाजिक विकास समितिको संयोजक (संयोजकले तोकेको) | सदस्य |
| ४ | प्रमुख प्रशासकीय अधिकृत वा तोकिएको अधिकृत कर्मचारी | सदस्य |
| ५ | सामाजिक सुरक्षा शाखा हेर्ने कर्मचारी | सदस्य |
| ६ | रोजगार, सीप र उद्यमशीलता केन्द्रको संयोजक | सदस्य सचिव |

(२) समितिले वडा कार्यालयबाट सिफारिस भई आएका सूचिलाई आश्यकता अनुसार आवश्यक अध्ययन, राजस्व तथा कर अभिलेख, बैंक विवरण, वैदेशिक रोजगारीसम्बन्धी अध्यागमन तथ्याङ्क आवश्यक परे जुनसुकै निकायबाट माग गरी यकिन गर्न सक्नेछ।

(३) समितिले योग्य ठहरिएका घरधुरीको नामावली स्वीकृत गर्नेछ। स्वीकृत नामावली सार्वजनिक स्थान र वेबसाइटमा ७ दिनको दाबी विरोधका लागि प्रकाशन गरिनेछ।

## परिच्छेद ४: कोष व्यवस्थापन, बजेट, भुक्तानी तथा बैंक खाता सञ्चालन

**९. अति विपन्न नागरिक सामाजिक सुरक्षा कोषः**

(१) ऐनको दफा ११ बमोजिम गाउँपालिकामा "दिप्रुङ चुइचुम्मा अति विपन्न नागरिक सामाजिक सुरक्षा कोष" स्थापना गरिएको छ।

(२) उक्त कोषमा गाउँपालिकाले आन्तरिक आय वा अन्य निसर्त अनुदानबाट प्रत्येक वर्षको वार्षिक बजेटमा आवश्यक बजेट अनिवार्य रूपमा विनियोजन गर्नेछ।

**१०. भत्ताको दर र भुक्तानी प्रणालीः**

(१) स्वीकृत लाभग्राही घरधुरीलाई प्रतिघर मासिक रु. ३,०००/- (अक्षरेपी तीन हजार रुपैयाँ) का दरले जीवन निर्वाह भत्ता प्रदान गरिनेछ।

(२) भुक्तानी बैंकिङ्ग प्रणाली मार्फत लाभग्राहीको बैंक खातामा र गाउँ कार्यपालिकाको निर्णयमा नगद वा चेकमार्फत भुक्तानी गर्न सक्नेछ।

(३) भत्ता रकम प्रत्येक चौमासिकमा (चार-चार महिनामा एकमुष्ट रु. १२,०००/- वा तीन-तीन महिनामा रु. ९,०००/- वा कार्यपालिकाको निर्णयानुसार) सम्बन्धित लाभग्राही वा निजले इच्छाएको एकाघरको योग्य सदस्यलाई भुक्तानी गरिनेछ।

**११. बैंक खाता र सेवा प्रदायक बैंक सम्झौताः**

(१) गाउँपालिकाले प्रत्येक वडामा सहज पहुँच हुने गरी इजाजतप्राप्त "क", "ख" वा "ग" वर्गको बैंक छनौट गरी अनुसूची-७ बमोजिम द्विपक्षीय सम्झौता गर्नेछ।

(२) बैंकले स्वीकृत लाभग्राहीको नाममा शून्य मौज्दात (Zero Balance) मा बचत खाता खोल्नु पर्नेछ र कुनै पनि प्रकारको सेवा शुल्क वा बैंकिङ्ग शुल्क लिन पाइने छैन।

(३) ज्येष्ठ नागरिक, अशक्त वा 'क' वर्गको अपाङ्गता भएका व्यक्तिको हकमा घरदैलो वा घुम्ती शिविर मार्फत भुक्तानीको व्यवस्था मिलाउन बैंक र वडा कार्यालयले सहजीकरण गर्नेछन्।

## परिच्छेद ५ः लगत कट्टा, वार्षिक नवीकरण र बसाइँसराई

**१२. लगत कट्टा हुने अवस्थाहरूः**

देहायका अवस्थामा लाभग्राहीको नाम सूचीबाट स्वतः लगत कट्टा गरिनेछः

(क) लाभग्राहीको मृत्यु भएमा।

(ख) परिवारको कुनै सदस्यले सरकारी/निजी रोजगारी पाएमा वा पेन्सन प्राप्त गर्न थालेमा।

(ग) परिवारको कुनै सदस्य वैदेशिक रोजगारी वा अध्ययनका लागि विदेश गएमा।

(घ) परिवारको कुनै सदस्य जनप्रतिनिधिमा निर्वाचित वा मनोनित भएमा।

(ङ) परिवारको वार्षिक प्रतिव्यक्ति आम्दानी रु. ३६,०००/- भन्दा बढी भएको पाइएमा।

(च) गाउँपालिका बाहिर बसाइँसराई गरी गएमा।

(छ) झुट्टा विवरण पेश गरी भत्ता लिएको प्रमाणित भएमा।

(ज) तोकिएको म्यादभित्र वार्षिक नवीकरण नगराएमा।

**१३. वार्षिक नवीकरण सम्बन्धी व्यवस्थाः**

(१) भत्ता निरन्तर प्राप्त गर्न चाहने लाभग्राहीले प्रत्येक आर्थिक वर्षको साउन १ गतेदेखि भदौ मसान्तभित्र अनुसूची-५ बमोजिमको निवेदन र अद्यावधिक स्वघोषणा पत्र वडा कार्यालयमा पेश गरी नवीकरण गराउनु पर्नेछ।

(२) तोकिएको म्यादभित्र नवीकरण नगराउने लाभग्राहीको नाम लगत कट्टा गरिनेछ।

**१४. बसाइँसराई तथा स्थानान्तरणः**

गाउँपालिकाभित्रै एक वडाबाट अर्को वडामा बसाइँसरी जाने लाभग्राहीले अनुसूची-६ बमोजिम लगत स्थानान्तरण फाराम भरी नवीकरण अद्यावधिक गराउनु पर्नेछ। गाउँपालिका बाहिर जानेको लगत कट्टा गरिनेछ।

## परिच्छेद ६: अनुगमन, पारदर्शिता, कसुर, सजाय र असुल उपर

**१५. अनुगमन तथा निरीक्षणः**

(१) गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा रहेको बजेट तथा कार्यक्रम अनुगमन समितिले कार्यक्रमको अर्धवार्षिक तथा वार्षिक रूपमा स्थलगत अनुगमन गर्नेछ।

(२) प्रत्येक चौमासिकमा लाभग्राहीको सूची पुनरावलोकन गरी कसैको आर्थिक स्थितिमा सुधार आएको वा अयोग्य भएको पाइएमा तुरुन्त लगत कट्टा गरिनेछ।

**१६. पारदर्शिता तथा सार्वजनिक सुनुवाइः**

(१) गाउँपालिकाले स्वीकृत लाभग्राहीको नाम, वडा, र प्राप्त रकम प्रत्येक चौमासिकमा वडा कार्यालय, गाउँपालिकाको सूचना पाटी र वेबसाइटमा सार्वजनिक गर्नेछ।

(२) गाउँपालिका तथा वडा तहमा आयोजना गरिने सार्वजनिक सुनुवाइमा जीवन निर्वाह भत्ता सम्बन्धी विषयलाई अनिवार्य एजेण्डाको रूपमा राखी नागरिक छलफल गराइनेछ।

**१७. कसुर, सजाय तथा असुल उपरः**

(१) कसैले आम्दानीको सीमा लुकाई, सरकारी/निजी जागिर, पेन्सन, वैदेशिक रोजगारी वा जनप्रतिनिधि भएको विवरण लुकाई वा झुट्टा स्वघोषणा गरी जीवन निर्वाह भत्ता लिएको प्रमाणित भएमा निजको भत्ता तत्काल खारेज गरिनेछ।

(२) झुट्टा विवरणका आधारमा लिएको सम्पूर्ण रकम प्रचलित कानुन र ऐनको दफा १४ बमोजिम "सरकारी बाँकी सरह" निजको जायजेथाबाट असुल उपर गरिनेछ।

(३) बदनियतपूर्वक गलत सिफारिस गर्ने पदाधिकारीलाई प्रचलित कानुन र आचारसंहिता बमोजिम विभागीय वा कानुनी कारबाही गरिनेछ।

## परिच्छेद ७ः विविध

**१८. लाभग्राहीको दायित्वः**

लाभग्राहीले आफ्नो परिवारको स्थितिमा परिवर्तन (आम्दानी वृद्धि, जागिर, विदेश, पेन्सन वा मृत्यु) भएमा १५ दिनभित्र वडा कार्यालयमा जानकारी गराउनु पर्नेछ।

**१९. परिचय पत्र वितरण सम्बन्धी व्यवस्थाः**

छानबिन समितिबाट अन्तिम छनोट भई स्वीकृत भएका प्रत्येक योग्य घरधुरीका मुख्य लाभग्राहीलाई अनुसूची-८ बमोजिमको **"अति विपन्न नागरिक जीवन निर्वाह भत्ता लाभग्राही परिचय पत्र"** प्रदान गरिनेछ। भत्ता रकम प्राप्त गर्दा वा नवीकरण गर्दा सो परिचय पत्र अनिवार्य रूपमा पेश गर्नुपर्नेछ।

**२०. सूचना प्रविधिको प्रयोगः**

गाउँपालिकाले सोझै लाभग्राहीको विवरण प्रविष्टि गर्न, अद्यावधिक गर्न र बैंकसँग डाटा आदानप्रदान गर्न विद्युतीय प्रणालीको प्रयोग गर्न सक्नेछ।

**२१. खारेजी र बचाउः**

यस कार्यविधि लागू हुनुअघि गाउँ कार्यपालिकाबाट यस सम्बन्धी भएका निर्णयहरू यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

# अनुसूची - १

*(दफा ६ को उपदफा २ सँग सम्बन्धित)*

अति विपन्न नागरिक जीवन निर्वाह भत्ता प्राप्तिका लागि आवेदन

| हालसालै खिचेको पासपोर्ट साइजको फोटो |
|---|

श्रीमान् अध्यक्षज्यू,
दिप्रुङ चुइचुम्मा गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, याङ्सोलाटार, खोटाङ।

**विषयः अति विपन्न नागरिक जीवन निर्वाह भत्ता पाऊँ।**

महोदय,

म/हामी यस दिप्रुङ चुइचुम्मा गाउँपालिकाको स्थायी बासिन्दा भई आर्थिक रूपमा अति विपन्न अवस्थामा जीवन यापन गरिरहेकोले गाउँपालिकाको **"अति विपन्न नागरिक सामाजिक सुरक्षा (जीवन निर्वाह भत्ता) ऐन, २०८३"** बमोजिम जीवन निर्वाह भत्ता प्राप्तिका लागि आवश्यक पारिवारिक विवरण, कागजात र स्वघोषणा पत्र संलग्न गरी यो आवेदन पेश गरेको छु/छौं।

**<u>संलग्न अनिवार्य कागजातहरूः</u>**

१. निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
२. एकाघर परिवारको नाममा भएको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि।
३. बसाइँसराई गरी आएको हकमा सोको आधिकारिक प्रमाणपत्र।
४. तोकिएको ढाँचाको भरिएको "स्वघोषणा पत्र" र जीवन निर्वाह भत्ता आवेदन फाराम।
३. विपन्न परिवार खुल्ने र जागिर/पेन्सन/वैदेशिक रोजगारी/जनप्रतिनिधि नभएको वडा कार्यालयको सिफारिस।

**निवेदकको दस्तखत/छापः** .........................
**नामः** ....................................................
**मितिः** २०........ / ..... / .....
**सम्पर्क नं.**

# अनुसूची - २

## "स्वघोषणा पत्र"

म/हामी/मेरो एकाघर परिवारका सदस्यहरूले दिप्रुङ चुइचुम्मा गाउँपालिकाको "अति विपन्न नागरिक सामाजिक सुरक्षा (जीवन निर्वाह भत्ता) ऐन, २०८३" को दफा ६, ७ र ८ मा उल्लिखित व्यवस्थाहरू राम्ररी पढी, बुझी निम्न विवरण पूर्ण सत्य रहेको भनी सत्य-निष्ठापूर्वक स्वघोषणा गर्दछु/गर्दछौंः

1. **जागिर नभएकोः** मेरो एकाघर परिवारको कुनै पनि सदस्य सरकारी, निजी वा संगठित संस्थामा स्थायी, अस्थायी, वा करार सेवामा कार्यरत **छैनन्**।
2. **पेन्सन नभएकोः** मेरो एकाघर परिवारको कुनै पनि सदस्यले निजामती, सेना, प्रहरी, शिक्षक वा अन्य कुनै निकायबाट नियमित पेन्सन (निवृत्तिभरण) प्राप्त गरिरहेका **छैनन्**।
3. **वैदेशिक रोजगारीमा नभएकोः** मेरो एकाघर परिवारको कुनै पनि सदस्य वैदेशिक रोजगारी (वैदेशिक काम) वा अध्ययनका लागि विदेशमा **छैनन्**।
4. **जनप्रतिनिधि नभएकोः** मेरो एकाघर परिवारको कुनै पनि सदस्य हाल कुनै पनि तहको निर्वाचित/मनोनित जनप्रतिनिधि **नरहेको** र विगत १ वर्षभित्र जनप्रतिनिधि पदमा बहाल नरहेको प्रमाणित गर्दछु।
5. **सामाजिक सुरक्षा भत्ता सम्बन्धीः**
   - तालिकामा उल्लेख भए बमोजिम मेरो घरका सदस्य **श्री .......................................** ले सङ्घीय/प्रदेश सरकारबाट ................................... **भत्ता** प्राप्त गरिरहेको भए तापनि **निवेदक स्वयम् (म) ले कुनै पनि सामाजिक सुरक्षा भत्ता नपाएको** हुँदा ऐनको दफा ८ (२) बमोजिम म यस घरको जीवन निर्वाह भत्ताका लागि **योग्य सदस्य** हुँ।

***माथि उल्लेखित विवरणहरू (जागिर, पेन्सन, वैदेशिक रोजगारी, जनप्रतिनिधि वा दोहोरो भत्ता सम्बन्धी) झुट्टा ठहरिएमा वा विवरण लुकाई जीवन निर्वाह भत्ता लिएको प्रमाणित भएमा मेरो भत्ता तत्काल खारेज हुनेछ। साथै झुट्टा विवरणका आधारमा लिएको सम्पूर्ण रकम "सरकारी बाँकी सरह" मेरो जायजेथाबाट असुल उपर गरी कानुनी कारबाही भोग्न म/हामी मञ्जुर छौं।***

**स्वघोषणा गर्ने (मुख्य निवेदक)**

नाम, थरः ........................................................

नागरिकता नं.: ................. जारी जिल्लाः ..............

दस्तखत/दायाँ-बायाँ औंठाछापः

मितिः २०..... / ..... /

# अनुसूची - ३

## अति विपन्न नागरिक सामाजिक सुरक्षा (जीवन निर्वाह भत्ता) आवेदन फाराम :

### १. एकाघर पारिवारिक विवरण योग्यताको स्थितिः

*(ऐनको दफा ८ को उपदफा १ र २ बमोजिम एउटै भान्छामा खाने सम्पूर्ण सदस्यहरूको विवरण भर्ने)*

| क्र.सं. | एकाघरको सदस्यको नाम | निवेदकसँगको नाता | उमेर | नागरिक्ता नं. | अन्य सामाजिक सुरक्षा भत्ता | | जागिर छ/छैन | पेन्सन छ/छैन | जनप्रतिनिधि हो/होइन | बिदेश | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्राप्त गरे/ नगरेको | गरेको भए कुन ? | | | | भए/नभए को | भए कुन देश ? | |
| १. | मुख्य निवेदक | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | | |
| ५. | | | | | | | | | | | | |
| ६. | | | | | | | | | | | | |
| ७. | | | | | | | | | | | | |
| ८. | | | | | | | | | | | | |
| ९. | | | | | | | | | | | | |
| १०. | | | | | | | | | | | | |
| ११. | | | | | | | | | | | | |
| १२. | | | | | | | | | | | | |

२. सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेको भए निर्वाह भत्ताको लागि योग्य/इच्छाएको सदस्यको विवरण

| क्र.सं | एकाघरको सदस्यको नाम(१८ वर्ष पुरा भएको) | निवेदकसँगको नाता | उमेर | नागरिक्ता नं. | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |

३. घर, पेशा/व्यवसाय तथा आर्थिक/कृषि स्थिति सम्बन्धी विवरणः

(क) बसोबास गरिरहेको घरको विवरणः

- **स्वामित्वः** [ ] आफ्नै घर [ ] भाडामा बसेको [ ] अरूको घरमा आश्रित
- **घरको बनावटः** [ ] कच्ची (माटो, खर/झुप्रो) [ ] अर्ध-पक्की (जस्तापाताको छाना) [ ] पक्की (ढलान/आर.सि.सि.)

(ख) जग्गा जमिन तथा कृषि उत्पादन सम्बन्धी विवरणः

| क्र.सं | जग्गाधनीको नाम | जग्गा भएको जिल्ला | कित्ता नं. | कुल क्षेत्रफल | उत्पादन दिइरहेको क्षेत्रफल | उत्पादन नभएए उर्वर क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| ४. | | | | | | | |
| ५. | | | | | | | |
| ६. | | | | | | | |
| ७. | | | | | | | |
| ८. | | | | | | | |
| | जम्मा रोपनी | | | | | | |

(ग) कृषि बाली/उत्पादनबाट हुने वार्षिक आम्दानीको विवरणः

| क्र.सं. | कृषि बाली/प्रकार | मुख्य उत्पादन परिमाण | | | | | बार्षिक आम्दानी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | खाद्यान्न बाली | मकै | कोदो | धान | गहुँ | अन्य | | |
| | | ......... मुरी | | | | | | |
| २. | नगदे वा फलफुल बाली | अलैंची | सुन्तला | किवि | आलु | अन्य | | |
| | | | | | | | | |
| ३. | तरकारी खेती | मौसमी | बेमौसमी | अन्य | | | | |
| | | | | | | | | |
| ४. | अन्य | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | जम्मा कुल आम्दानी | | | | | | | |

घ) पशुधन/पशुपालनबाट हुने वार्षिक आम्दानीको विवरणः

| क्र.सं. | पशुधन/प्रकार | मुख्य उत्पादन/वस्तु | परिमाण | बार्षिक आम्दानी | कैफियत |
|---|---|---|---|---|---|
| १. | दुधालु तथा मासु जन्य पशु | गाई/भैंसी (दुध,घिउ) | | | |
| | | खसी/बोका/बाखा/भेडा | | | |
| | | सुँगुर/बँगुर | | | |
| | | अन्य | | | |
| २. | पंक्षीपालन | कुखुरा (अण्डा, मासु) | | | |
| | | हाँस/कालिज/बटाई | | | |
| | | अन्य | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | अन्य विशेष पालन | मौरी पालन मह | | | |
| | | माछा पालन | | | |
| | | अन्य | | | |
| | जम्मा कुल आम्दानी | | | | |

ङ) पेशा व्यवसायबाट प्राप्त हुने वार्षिक आम्दानीको विवरणः

| क्र.सं | पेशा/व्यवसायको प्रकार | आम्दानीको मुख्य स्रोत/विवरण | परिमाण | बार्षिक आम्दानी | कैफियत |
|---|---|---|---|---|---|
| १. | व्यापार/व्यवसाय | किराना/खुद्रा पसल | | | |
| | | होटल | | | |
| | | प्राविधिक मर्मत संभार | | | |
| | | अन्य | | | |
| २. | साना तथा घरेलु उद्योग | सिलाई/कटाई | | | |
| | | हस्तकला | | | |
| | | प्रशोधन उद्योग(मिल) आदि | | | |
| | | गाढि सवारी साधन संचालन | | | |
| | | घर जग्गा भाडा | | | |
| | | अन्य | | | |
| | | | | | |
| | **जम्मा कुल आम्दानी** | | | | |

## ४. एकमुष्ट कुल वार्षिक आम्दानी

| *क.सं* | *जग्गाधनीको नाम* | *कुल वार्षिक रु.* | *कैफियत* |
|---|---|---|---|
| *१.* | *कृषि बाली/ उत्पादनबाट प्राप्त आम्दानी* | | |
| *२.* | *पशुधन/ पशुपालनबाट प्राप्त आम्दानी* | | |
| *३.* | *पेशा व्यवसाय तथा अन्यबाट प्राप्त आम्दानी* | | |
| | ***कुल वार्षिक आम्दानी*** | | |

माथि लेखिएको आम्दानी विवरण पूर्ण, सहि र साँचो छ। मैले प्रस्तुत गरेको विवरण वा कागजातमा कुनै कुरा ढाँटेको, लुकाएको वा फरक परेको ठहरिएमा वा झुटा प्रमाणित भएमा प्रचलित कानुन तथा नियम बमोजिम हुने सजाय/कारबाही भोग्न र क्षतिपूर्ति व्यहोर्न म/हामी पूर्ण रूपमा मन्जुर छु/छौं।

**निवेदक/विवरण पेस गर्ने व्यक्तिको विवरणः**

- **दस्तखतः** ________________________
- **नाम/थरः** ________________________
- **सम्पर्क फोन नं.:** ____________________

**औंठा छाप**

| दायाँ | बाँया |
|---|---|
| | |

# अनुसूची - ४

(कार्यालय प्रयोजनका लागि मात्र)

**वडा कार्यालयको सिफारिस**

श्रीमान् अध्यक्षज्यू,

दिप्रुङ चुइचुम्मा गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, याङ्सोलाटार, खोटाङ।

**विषयः सिफारिस गरिएको बारे।**

महोदय,

खोटाङ जिल्ला दिप्रुङ चुइचुम्मा गाउँपालिका वडा नं. ..... मा स्थायी बसोबास गर्ने .........................को नाति/नातिनी.........................................को छोरा ................................ पति/पत्नी वर्ष ....... को .................................... (ना.प्र.नं......) ले दिनुभएको आवेदन, कागजात तथा पारिवारिक विवरण छानबिन गर्दा परिवारमा कोही पनि सरकारी/निजी जागिर, पेन्सन, वैदेशिक रोजगारीमा नरहेको र जनप्रतिनिधि समेत नभएको र ऐनको दफा ८ (२) बमोजिम सोही घरको जीवन निर्वाह भत्ताका लागि योग्य/उपयुक्त सदस्य देखिएकोले ऐनको दफा ५, ६, ७ र ८ बमोजिमको योग्यता पुगेकाले निजलाई अति विपन्न नागरिक जीवन निर्वाह भत्ता उपलब्ध गराउन ऐनको दफा ९ (२) (घ) बमोजिम सिफारिस गरिएको छ।

**<u>सिफारिस गर्नेः</u>**

नामः .........................................................

पदः .........................................................

दस्तखतः ................................................

मितिः २०..... / ..... / .....

# अनुसूची - ५

*(दफा १३ को उपदफा १ सँग सम्बन्धित)*

लाभग्राही वार्षिक नवीकरण निवेदन फाराम

श्रीमान् सदस्य सचिव ज्यू,
छानबिन समिति
दिप्रुङ चुइचुम्मा गाउँपालिका, खोटाङ।

**विषयः जीवन निर्वाह भत्ता परिचयपत्र नवीकरण सम्बन्धमा।**

महोदय,

चालु आर्थिक वर्ष २०...... / ...... मा अति विपन्न नागरिक जीवन निर्वाह भत्ता निरन्तर पाउनका लागि मेरो परिचयपत्र नवीकरण गरिपाउन यो निवेदन पेश गरेको छु। मेरो परिवारको प्रतिव्यक्ति वार्षिक आम्दानी रु. ३६,०००/- भन्दा कम नै रहेको तथा परिवारमा कसैले पनि जागिर, पेन्सन वा वैदेशिक रोजगारी प्राप्त नगरेको व्यहोरा पुनः प्रमाणित गर्दछु।

- लाभग्राहीको नाम, थरः ....................................................
- परिचयपत्र नं. (अनुसूची-८ बमोजिम): ............................
- नागरिकता नं.: ..............................................................
- बैंकको नाम र खाता नं.: ..................................................
- सम्पर्क मोबाइल नं.: ....................................................

निवेदकको दस्तखतः ............................

मितिः २०..... / ..... / ......

# अनुसूची - ६

*(दफा १२ र १४ सँग सम्बन्धित)*

लगत कट्टा / बसाइँसराई / स्थानान्तरण फाराम

- लाभग्राहीको नाम, थरः ....................................................
- परिचयपत्र नं. ..............................................................
- वडा नं. .................................................................

- **लगत कट्टा/स्थानान्तरणको कारणः**

[ ] मृत्यु भएको (मितिः २०..../..../....)

[ ] आम्दानी सीमा पार गरेको (वार्षिक प्रतिव्यक्ति रु. ३६,०००/- भन्दा बढी भएको)

[ ] जागिर/पेन्सन/वैदेशिक रोजगारी प्राप्त भएको

[ ] जनप्रतिनिधि निर्वाचित/मनोनित भएको

[ ] बसाइँसराई गरी गएको (स्थानः गाउँपालिका भित्र ............................ गाउँपालिका बाहिर.........................)

[ ] झुट्टा विवरण पेश गरेको ठहर भएको

अन्तिम पटक भत्ता बुझेको अवधिः आर्थिक वर्ष २०....../...... को ...... सम्म।

| | |
|---|---|
| तयार गर्ने | स्वीकृत गर्ने |
| नाम : | नाम : |
| पद : वडा सचिव | पद : सदस्य सचिव |
| हस्ताक्षर : | हस्ताक्षर : |

# अनुसूची - ७

*(दफा ११ को उपदफा १ सँग सम्बन्धित)*

## सामाजिक सुरक्षा भत्ता वितरणका लागि बैंकसँग गरिने सम्झौता पत्रको ढाँचा

दिप्रुङ चुइचुम्मा गाउँ कार्यपालिकाको कार्यालय, याङ्सोलाटार, खोटाङ (यसपछि "गाउँपालिका" भनिएको) र श्री .................... बैंक लि. (यसपछि "बैंक" भनिएको) बीच "अति विपन्न नागरिक सामाजिक सुरक्षा (जीवन निर्वाह भत्ता) ऐन, २०८३" र कार्यविधि, २०८३ बमोजिम स्वीकृत लाभग्राहीहरूलाई बैंकिङ्ग प्रणाली मार्फत भत्ता रकम भुक्तानी गर्न निम्न शर्तहरूको अधीनमा रही यो सम्झौता पत्रमा हस्ताक्षर गरियोः

**सम्झौताका शर्तहरूः**

१. गाउँपालिकाले स्वीकृत लाभग्राहीहरूको नामावली, नागरिकता विवरण र खाता खोल्ने फाराम बैंकलाई उपलब्ध गराउनेछ।

२. बैंकले प्राप्त विवरणका आधारमा लाभग्राहीको नाममा शून्य मौज्दात (Zero Balance) मा निःशुल्क बचत खाता खोली खाता नम्बर उपलब्ध गराउनेछ।

३. गाउँपालिकाले चौमासिक रूपमा भत्ता रकम सोझै लाभग्राहीको बैंक खातामा जम्मा गर्नेछ।

४. बैंकले लाभग्राहीलाई चेकबुक, साधारण बचत सरहको सुविधा र असहाय/अशक्त व्यक्तिको हकमा सरल भुक्तानीको व्यवस्था मिलाउनेछ।

५. लाभग्राहीको लगत कट्टा भएमा बैंकले सो खाता रोक्का राखी बाँकी मौज्दात रकम गाउँपालिकाको कोषमा फिर्ता पठाउनेछ।

| कार्यालयको तर्फबाट | बैंकको तर्फबाट |
|---|---|
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |
| पद : | पद : |

# अनुसूची - ८

*(दफा १९ सँग सम्बन्धित)*

अति विपन्न नागरिक जीवन निर्वाह भत्ता लाभग्राही परिचय पत्रको ढाँचा

**दिप्रुङ चुइचुम्मा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, याङ्सोलाटार, खोटाङ**
**कोशी प्रदेश, नेपाल**

**अति विपन्न नागरिक जीवन निर्वाह भत्ता लाभग्राही परिचय पत्र**

परिचय पत्र नं.: ........................ [ हालसालै खिचेको ]
जारी मितिः २०..... / ..... / ..... [ लाभग्राहीको ]
लाभग्राहीको नाम, थरः ................................. [ फोटो टाँस्ने ठाउँ ]
नागरिकता नं.: ........................................
बाबु/आमा/पतिको नामः ..................................
स्थायी ठेगानाः वडा नं. ......., दिप्रुङ चुइचुम्मा गाउँपालिका।
परिवारको सदस्य संख्याः ............
भुक्तानी हुने बैंकको नामः ............................
बैंक खाता नं.: ......................................

.......................................... ..........................................
लाभग्राहीको हस्ताक्षर/औँठाछाप प्रमाणीकरण गर्ने अधिकारी
(सदस्य सचिव)

------------------------------------------------------------------------

(कार्डको पछाडिपट्टिको भाग)

वार्षिक नवीकरण अभिलेख

| आर्थिक वर्ष | नवीकरण मिति | प्रमाणित गर्ने हस्ताक्षर | कैफियत |
|---|---|---|---|
| २०८३/८४ | | | |
| २०८४/८५ | | | |
| २०८५/८६ | | | |
| २०८६/८७ | | | |

*निर्देशनहरूः*

१. यो परिचय पत्र सम्बन्धित लाभग्राही बाहेक अरूले प्रयोग गर्न पाउने छैन।
२. प्रत्येक आर्थिक वर्षको साउन १ देखि भदौ मसान्तभित्र नवीकरण गराउनु अनिवार्य छ।

३. परिवारको स्थिति सुधार भई प्रतिव्यक्ति आम्दानी वृद्धि भएमा वा रोजगारी पाएमा ।

१५ दिनभित्र वडा कार्यालयमा जानकारी गराई यो परिचय पत्र बुझाउनु पर्नेछ।

दिप्रुङ चुइचुम्मा गाउँपालिका